# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पालुङटार, गोरखा ।

**आ.ब. २०७६।०७७ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्वन्धी**
**बोलपत्र आह्वानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०७६।०८।०८ गते आइतवार)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ११ (२) (घ) को (६) बमोजिम पालुङटार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, बालुवा, रोडा (दहत्तर बहत्तर समेतको) लगाएतका नदिजन्य सामाग्रीहरुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न चालु आ.ब. को जेष्ठ मसान्तसम्मको लागि आन्तरिक आय व्यवस्थापन गर्न ठेक्काहरुबाट बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फाराम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, हालसम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित सो फर्म कार्य गर्न योग्य भएको र कालो सूची (Black List) मा नपरेको स्व:घोषणा (Declearation) पत्र सहित तोकिएको दस्तुर यस कार्यालयको कृषि विकास बैंक लिमिटेड, पालुङटार शाखामा रहेको खाता नं.०३१७७००९५९५३१०१० (ग-४-१/संचित कोष) मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र आव्हानको यो सूचना प्रकासित गरिएको छ ।

<u>तपशिल</u>

| क.स | ठेक्का नम्बर र आर्थिक बर्ष | ठेक्का विवरण | ठेक्काको क्षेत्र र उत्खनन हुने अधिकतम परिमाण (घन फिट) | कबोल गर्नुपर्ने न्यूनतम रकम अंक रु (VAT र अग्रिम आयकर बाहेक) | वोलपत्र फाराम दस्तुर रु | धरौटी राख्नुपर्ने रकम रु |
|---|---|---|---|---|---|---|
| १. | ११-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको हवाईग्राउण्डको ढुंगा, गिटी, बालुवा | ५२५०० | ३,१५,०००/०० | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| २. | १२-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको भोटे बगरको ढुंगा, गिटी, बालुवा | ८३४१६/६६ | ५,००,५००/- | १०००। | बोल कबोल अंकको ५% ले हुन आउने रकम |

**<u>शर्तहरु :</u>**

१ ईच्छुक बोलपत्रदाताहरुले रु १०००। (एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी नगदी रसिद वा बैंक भौचर संलग्न गरी यो सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ दिन वा मिति २०७६/०८/२२ गते आइतबार कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरी सक्नुपर्नेछ ।

२ बोलपत्र फाराम भरी दर्ता गर्ने अन्तिम मिति २०७६।०८।२३ गते सोमबार दिनको १२ बजेभित्र र कार्यालयमा दर्ता भएका बोलपत्र फाराम खोल्ने मिति २०७६।०८।२३ गते सोमबार दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको अवस्थामा बोलपत्र फाराम खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्र दाताले वोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम कृषि विकास बैंक लि. पालुङटार शाखामा रहेको यस कार्यालयको ०३१७७००९५९५३२०१७ (ग-३/धरौटी) धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ।

४. विस्तृत जानकारीको लागि पालुङटार नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । यो सूचना पालुङटार नगरपालिकाको वेवसाइट www.palungtarmun.gov.np मा गएर पनि हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**बलराम ढकाल**
प्रमुख प्रशासकीय अधिकृत